CIVIC ACTION TEAMS

**Nepal Coronavirus CivActs Campaign**

अंक #३४

२९।२।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# कोरोना रोकथाम, नियन्त्रण तथा उपचारमा परिचालन गरिएको जनशक्ति प्रयाप्त छ त ?

६७५९१

जम्मा परिचालित स्वास्थ्यकर्मी



उल्लेखित तथ्यांक हेर्ने हो भने, क्वारेन्टिनमा बसेका करिब ४७ जना मध्ये १ जनालाई संक्रमण पुष्टी भएको देखिन्छ । यही अनुपातमा, यदि आईसोलेशनमा बस्नेको संख्या १० हजार पुग्ने हो भने, क्वारेन्टिनमा बस्नेको संख्या ४६८७५१ पुग्नेछ । यसो हुँदा, प्रति स्वास्थ्यकर्मीले ७ जनाको हेरचाह गर्नुपर्ने देखिन्छ । के अहिलेको गतिमा संक्रमितको संख्या बढ्दैजाने हो भने, अहिले उपलब्ध जनशक्ति प्रयाप्त होला त ?

स्रोत: https://www.facebook.com/eKantipur

## अहिलेको अवस्था

| | |
|---|---|
| ३६७५ | १,७२,२६६ |
| आईसोलेशनमा बस्नेको संख्या | क्वारेन्टिनमा रहेका व्यक्तिहरु |

जम्मा संख्या १,७२,२६६

## अनुमानित अवस्था

| | |
|---|---|
| १०,००० | ४,६८,७५१ |
| आईसमेलेशनमा बस्नेको संख्या भएमा | क्वारेन्टिनमा बस्नेको संख्या |

जम्मा संख्या ४,७८,७५१

# नेपाल अपडेट



कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरको प्रवेशद्वार सुव्वाकुनाबाट भारतबाट आएका व्यक्तिहरुलाई टिप्परमा हालेर गाँउ लगिदै ।

तस्बिर: दिनेश गौतम

### परिक्षण

पिसिआर परिक्षण: १,१५,९३०

पोजेटिभ: ४,६१४

उपचाररत: ३,७३८

मृत्यु : १५




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



**अहिले स्थानीय स्तरमा बाँडिएको खाद्य वस्तुहरु गुणस्तरहिन छ । उजुरी कहाँ गर्ने ?**

अहिलेको परिस्थितिमा खाद्य पदार्थको विक्रिवितरण तथा राहत वितरणमा खाद्य पदार्थको गुणस्तर सम्बन्धी कुनै कैफियत देखिएमा वा पाईएमा खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग वा मातहतका कार्यालयमा जानकारी गराउन सकिन्छ । सम्पर्क सम्बन्धी विस्तृत विवरणको लागि तलको लिंक खोलेर हेर्नुहोला ।

स्रोत: http://dftqc.gov.np/ne/noticedetail/31/2020/85448947



**सबैतिर सामाजिक दुरी लागु हुँदा कारागारको अवस्था के छ ? कसैले अनुगमन गर्छ वा गर्दैन ?**

विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार ३ फिटको सामाजिक दुरी कायम भएको छ वा छैन ? नेपाल सरकारले तोकेको पच्चिस जना भन्दा बढी जम्मा हुन नपाउने मापदण्ड लागू भएको छ वा छैन ? नयाँ कैदी बन्दीलाई छुट्टै राख्ने गरिएको छ वा छैन ? भनेर अनुगमनका लागि महान्यायधिवक्ताको कार्यालयले अनुगमनका लागि चेकलिष्ट निधारण गरेको छ ।

स्रोत: https://ag.gov.np/oag-post/1785



**कोरोनामा खर्च भएको सरकारी बजेटलाई अख्तियारले हेर्दैन ?**

उजुरी परे वा नपरे पनि कोरोना नियन्त्रण तथा रोकथामको नाममा भएका सबै सरकारी खर्चको अनुसन्धान अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्न पाउने कानुनी प्राबधान छ । पत्रपत्रिकामा आएका सूचना र समाचारका आधारमा पनि अख्तियारले छानबिन गर्न सक्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्ट्राचार निवारण ऐन अनुसार अनुसन्धान गरी बिशेष अदालतमा अख्तियारले मुद्धा चलाउन सक्छ ।

स्रोत: अधिवक्ता महेन्द्र पाण्डे, अध्यक्ष, पारदर्शी सरोकार समुह, रुपन्देही
सम्पर्क : ९८५७०३२६०१



**कर्णाली प्रदेशमा कोभिड - १९ को पिसिआर परिक्षणको नतिजा आउन किन ढिलो भइरहेको छ ?**

स्थानीय तहमा स्वावको नमुना बढी संकलन हुनु र प्रदेश स्तरमा परिक्षणको क्षमता त्यस अनुरुप नहुनुले पिसिआर परिक्षणको नतिजा आउन ढिलाई भईरहेको छ । यो प्रक्रियालाई व्यवस्थीत गराउन प्रदेश सरकारले स्वाव संकलनको प्राथमिकताको तह तोक्न मातहतका निकायलाई परिपत्र जारी गरेको छ ।

स्रोत: कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न **नि:शुल्क हटलाईन**
viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| १,१२,२८८ संक्रमित | ३३,८२३ संक्रमित | १६,६६७ संक्रमित | ७३,५९५ संक्रमित | ४०,५०७ संक्रमित | १९,९५४ संक्रमित | ८,३६९ संक्रमित | ११,९४७ |
| १३६४ नेपाली संक्रमित | ६५० नेपाली संक्रमित | ३११ नेपाली संक्रमित | ६,९११ नेपाली संक्रमित | १६०० नेपाली संक्रमित | | ८१ नेपाली संक्रमित | |
| ८ मृत्यु भएका नेपाली | २ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १९ मृत्यु भएका नेपाली | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## यु.ए.ई.ले दिईरहेको एम्नेस्टी र रद्द भएका भिषा सम्बन्धी भएको अन्यौल सम्बन्धी जानकारी

मार्च १ पछि रेसिडेन्सी भिषा, प्रयटक भिषा र भिजिट भिषा सकिएकाहरुको स्वत: ३१ मे २०२० सम्मका लागि म्याद थपिनेछ। आफ्नो भिषाको बारेमा बुझ्न यो लिंकमा जानुहोला।
https://smartservices.ica.gov.ae/echannels/web/client/default.html#/fileValidity



मार्च १ भन्दा अगाडी भिषाको म्याद सकिएकाहरु पनि जरिवाना नतिरी फर्किन पाउनेछन् । कम्पनी छोडेर भागेकाहरुले पनि यो सुविधा पाउनेछन् । यो सुविधा १८ अगष्ट २०२० सम्म लागु हुनेछ । यसको लागि निम्न प्रकृया पुरा गर्नुपर्नेछ:



रेसिडेन्सी भिषा - एयर टिकेट र पासपोर्ट या ट्राभल डकुमेन्ट लिएर सिधै एयरपोर्ट जाने ।

टुरिष्ट भिषा र भिजिट भिषा - सारजाह, आबुधाबी र रास अल खैमा को एयरपोर्टमा ६ घण्टा पहिले पुग्दा हुन्छ भने दुबई एयरपोर्टमा ४८ घण्टा पहिले नै क्लियर गर्नु पर्नेछ ।

दुवई एयरपोर्ट प्रयोग गर्नेहरुका लागि उडान हुनुभन्दा ४८ घण्टा पहिले अल गिसेस (Al Qusais police station) टर्मिनल २ मा गएर क्लियर गर्नुपर्नेछ ।



यदी भिषा मार्च १ भन्दा पछाडी रद्द भएको हो भने, स्वत: डिसेम्बर सम्म म्याद नबढ्ने भएकोले एम्नेस्टीको प्रयोग गरेर १८ अगस्ट २०२० भन्दा पहिले आफ्नो देश फर्किसक्नु पर्नेछ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्ब ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.३ करोड | करिब ६१ करोड | करिब ४० करोड | करिब १५ करोड | करिब २३.६ करोड | करिब ५० करोड | करिब ४०.२ करोड |
| खर्च गरिएको रकम | करिब १७.८ करोड | करिब १७.७ करोड | करिब १२.३ करोड | करिब ९.२ करोड | करिब १३.६ करोड | करिब १३.२ करोड | करिब २०.१ करोड |

## प्रदेश नं. १, बागमती प्रदेश र गण्डकी प्रदेशमा जम्मा भएको रकम र खर्च




यद्यपी प्रदेश नं. १ संक्रमितको संख्या धेरै हुने प्रदेश हो । तर, माथिको तथ्यांकले संक्रमितको अनुपातमा सो प्रदेशमा आन्तरिक कोषबाट छुट्याईएको रकम बागमती प्रदेश र गण्डकी प्रदेशको तुलनामा एकदम थोरै भएको देखाउँछ । यसले प्रदेश नं. १ मा सघिय सरकार र बाह्य निकायबाट रकम जुटाउनुपर्ने आवश्यकता छ भन्ने देखाउँछ । यि प्रदेशहरूले खर्चको विवरण सार्वजनिक गरेको भएपनि विस्तृत विवरण अझै सार्वजनिक गर्न बाँकी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृष्ठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# लकडाउनमा भारतबाट फर्केका नेपालीहरूको व्यवस्थापन

डेमोक्रेसी रिसोर्स सेन्टर नेपालले सरकारका तिनै तहले कोभिड - १९ को संक्रमण रोकथाम र नियन्त्रण गर्न प्रयोग गरेका उपायको बारेमा बिभिन्न सरोकारवालाहरूसंग गरेको फोन सम्वाद, आधिकारीक रिपोर्ट तथा प्रतिवेदनको विश्लेषण र विभिन्न सञ्चार माध्यमको प्रकाशित समाचारलाई आधार मानेर अधावधिक रिपोर्ट प्रकाशित गरेकोछ । यो रिपोर्टले ठुलो मात्रामा भारतबाट फर्किएका श्रमिकले सामाना गनुपरेको विविध चुनौती र उनिहरूको व्यवस्थापनको प्रयास सम्बन्धी निम्न शिर्षकमा चर्चा गर्दछ ।

०१ दैनिक हजारौँको संख्यामा नेपाल फर्कदै

०२ नेपाल प्रवेश गरेका नागरिकको व्यवस्थापन

०३ नागरिकको बढ्दो चापपछि क्वारेन्टिन सञ्चालन र व्यवस्थापन

०४ क्वारेन्टिनमा नागरिक सुरक्षा

०५ परिक्षण सुविधा र सामाग्री आपुर्ति

०६ तीन तहका सरकारबीच हातेमालो

हाललाई संघिय सरकारले समानीकरण अनुदान रकमान्तर गरेर खर्च गर्न स्थानीय तहलाई निर्देशन दिए पनि सशर्त रकम व्यवस्थापन गर्न प्रदेश र संघ सरकारले बाटो खुलाई दिनुपर्ने राय जनप्रतिनिधिको छ । ठूलो संख्यामा भित्रिएका नागरिकलाई परीक्षण नगरी घर पठाउने र मापदण्ड नपुगेका क्वारेन्टिनमा राख्ने कामले संक्रमण फैलने सम्भावना झन् बढाइदिएको छ । क्वारेन्टिनमा बसेका नागरिकको व्यवस्थापन गर्ने सम्पूर्ण दायित्व स्थानीय तहलाई मात्र छोड्ने र अहिलेको जस्तै परीक्षणको गति धिमा हुने हो भने संक्रमण सहजै नियन्त्रण गर्न नसक्ने गरी फैलन सक्छ ।

कृपया पुरा रिपोर्ट (नेपाली र अंग्रेजी) मा पढ्न यो लिंकमा क्लिक गर्नुहोस्:
https://www.democracyresource.org

DEMOCRACY
RESOURCE CENTER

accountabilitylab NEPAL

सही सूचना

# नेपालको सन्दर्भमा छनौट गरिएका यि जिल्लाको तुलनामा अन्य जिल्लामा जोखिम न्युन भएको देखाउँछ

## १०० जना भन्दा बढी संक्रमण देखिएका जिल्लाहरु




माथि देखाईएको कोभिड-१९ बाट १०० जना भन्दा बढी संक्रमण देखिएका जिल्लाहरुको सुचि हो । यि १३ जिल्लामा रहेका संक्रमितको संख्या जम्मा संख्याको ७६.४ प्रतिशत हो । यसको मतलव, नेपालको धेरै क्षेत्रमा संक्रमणको न्युन जोखिम छ । अहिले सरकार लकडाउनको मोडालिटी परिवर्तन गर्ने दिशामा अगाडी बढेको छ । उच्च सुरक्षा सावधानीका साथ यसलाई कार्यान्वयन गर्ने हो भने देशको अर्थ तन्त्र चलायमान हुनेछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219